**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८१।८२ को चौथो कार्यपालिका बैठकका निर्णयहरु

*(मितिः २०८१।०७।१४ गते)*

१. बेनी नगरपालिकाको अघिल्लो (तेस्रो) कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको सम्बन्धमा भएको समीक्षाबाट प्राप्त हुन आएको सुझावलाई मध्यनजर गरी कार्यान्वयन गर्न बाँकी रहेका कार्यहरु यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने।

२. मिति २०८१ मंसिर ६, ७ र ८ गते गर्ने गरी तय गरिएको बेनी नगरपालिकाको पाँचौँ राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक संयोजन गर्न बेनी नगरपालिकाका सामाजिक विकास समितिका संयोजक चक्र बहादुर के.सी. ज्यूलाई संयोजकको जिम्मेवारी दिने।

३. बेनी नगरपालिकाबाट कामकाजमा सरुवा भई गएका बागचौर नगरपालिका, सल्यानका अमिन सन्जिब भण्डारीले पेस गरेको मिति २०८१।०७।०२ गतेको पत्रानुसार कर्णाली प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा १३६ को उपदफा (२) बमोजिम हाल कार्यरत रहेकै स्थानीय तहमा पदस्थापना हुनका लागि बेनी नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट पदस्थापना सहमतीको निर्णय गरी दिन अनुरोध भएकोले निजले माग गरे बमोजिम पदस्थापनाका लागि सहमती दिने।

४. बालमन्दिर माध्यमिक विद्यालय, बेनीको च.नं. २७, मिति २०८१।०७।०९ गतेको पत्रानुसार उक्त विद्यालयका लागि बेनी नगरपालिकाबाट विनियोजित रकम रु. ५,००,०००।- र विद्यालयको कोषमा रहेको रकम रु. ४,०१,०४८।- बाट जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीसँग साझेदारीमा उक्त विद्यालयमा कक्षा कोठा थप गर्ने गरी योजना सञ्चालनका लागि सिफारिस गरी दिन अनुरोध भएकोले साझेदारीमा उक्त योजना सञ्चालन गर्न जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीलाई सिफारिस गर्ने।

५. बेनी सामुदायिक माध्यमिक विद्यालय, बेनीको च.नं. ७६, मिति २०८१।०७।१२ गतेको पत्रानुसार मिति २०८१ कार्तिक ९ गते विद्यालयको उत्तर तर्फ रहेको चिउरीको रुख ढली विद्यालयको शौचालयमा क्षति पुगी रु. १,४३,०००।- को लागत अनुमान सहित शौचालय मर्मतका लागि अनुरोध भई आएकोमा प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदनका आधारमा रु. १,२५,०००।- विपद् शिर्षकबाट भुक्तानी हुने गरी उक्त विद्यालयको शौचालय मर्मत कार्य अगाडि बढाउन विद्यालयलाई जिम्मेवारी दिने।

६. चालु आ.व.मा सडक बोर्ड, नेपालबाट बेनी नगरपालिकाका लागि विनियोजित रकमबाट साझेदारीमा तपसिलका योजनाहरु सञ्चालन गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने:

क) बेनी - पुलाचौर सडक

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

अर्जुन शर्मा
...अधिकृत

ख) बेनी - भकिम्ली सडक

ग) महारानी छापा सडक

७. बेनी नगरपालिकाको नीति तथा कार्यक्रम सञ्चालन तथा सेवा प्रवाह व्यवस्थापनका लागि देहायका कार्यविधिहरु बनाउन आवश्यक देखिएकोले कृषि शाखा तथा पशु सेवा शाखालाई कार्यविधिको मस्यौदा निर्माणको जिम्मेवारी दिने ।

क) शित भण्डार (Cold Store) सञ्चालन तथा व्यवस्थापन कार्यविधि

ख) उत्पादनमा आधारित कृषि तथा पशु अनुदान वितरण कार्यविधि

ग) घरेलु तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि

८. बेनी नगरपालिका, वडा नं. ६ स्थित फोहोरमैला व्यवस्थापन केन्द्रमा फोहोरमैला संकलनका क्रममा प्राप्त हुने कवाडी सामग्रीहरु बिक्री गरेबापत साबिक बमोजिम वार्षिक रु. २,००,०००।- (दुई लाख रुपैयाँ भ्याट बाहेक) लिने गरी उक्त फोहोरमैला व्यवस्थापन केन्द्रसँगको सम्झौतालाई निरन्तरता दिने ।

९. बेनी बजार क्षेत्रको सुरक्षा व्यवस्थापनका लागि जडान गरिएका सि.सि.टि.भि. क्यामेराको आ.व. २०८१।८२ अवधीभर मर्मत सम्भार कार्यको लागि गत आ.व. बमोजिम हुने गरी साझेदारी कोषबाट कार्यक्रम कार्यान्वयन गर्न बि टेक आईटी सोलुसनसँग सम्झौता गर्ने ।

१०. बेनी नगरपालिकाको चालु आ.व.को प्रथम चौमासिक अवधीमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१।०७।३० गते, बेनी नगरपालिका अन्तर्गतको ९ नं. वडा कार्यालय, घतानमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

११. आवश्यक अध्ययन तथा सरोकारवालासँगको छलफलका आधारमा तयार गरी स्वीकृतीका लागि पेस हुन आएको बेनी नगरपालिकाको नगर शिक्षा योजना आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने गरी बेनी नगर कार्यपालिकाका सदस्यहरुले अध्ययन गर्न तथा संसोधनको गुञ्जायस देखिए सुझाव पेश गर्न लगाउने ।

१२. यस वर्षको मनसुनजन्य विपदबाट क्षति पुगेका बेनी नगर क्षेत्रका सडकहरु मर्मतका क्रममा भएको अनुसूची (१) बमोजिमको खर्च बेनी नगरपालिकाको चालु आ.व.को बजेटको विपद् व्यवस्थापन अन्तर्गत वर्षे सडक मर्मत शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने ।

१३. बेनी नगरपालिका स्थित कालीगण्डकी नदी तथा म्याग्दी नदीका बगरहरुबाट ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्ने प्रयोजनार्थ EIA गर्न प्रक्रिया अगाडि बढाउने ।

१४. माछापुच्छ्रे हिमालयन जेभीले हाँडेभिर- बगरफाँट- दुधेखोला- हल्देगौंडा-डोले-मुसुङ आयोजनाको लागि नदीजन्य पदार्थ उपलब्ध गराइपाउँ भनी पेश गरेको निवेदन तथा पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट हाँडेभिर- बगरफाँट- दुधेखोला- हल्देगौंडा-डोले-मुसुङ आयोजनालाई गण्डकी प्रदेशले प्राथमिकताप्राप्त आयोजनाको रुपमा पहिचान गरी स्रोत सुनिश्चितता गरेको र आयोजनाको लागि आवश्यक पर्ने निर्माण सामाग्री उपलब्ध गराइदिन भनी यस नगरपालिकामा अनुरोध भई आएकोले वातावरणीय अध्ययन प्रतिवेदनले उल्लेख गरेको परिमाण १२३१.६५ घन

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

मिटरमा फरक नपर्ने गरी गण्डकी प्रदेशले निर्धारण गरेको दर अनुसार हुन आउने रकममा २० प्रतिशत रकम थप गरी बेनी नगरपालिका वडा नं. ६ स्थित जोगीगाडे बगरबाट निर्माण सामाग्री उपलब्ध गराउने।

१५. मिति २०८१/०३/१७ गतेको कार्यपालिकाको बैठकबाट बेनी अर्थुङ्गे तोरीपानी पाखापानी सडकको म्याद २०८१/०३/२५ गरे सम्म थप गरेको तर विविध कारणले उक्त समयावधिमा निर्माण कार्य सम्पन्न गर्न नसकेको भनी निर्माण व्यवसायीबाट पुनः म्याद थपको लागि अनुरोध भएकोमा म्याद सकिएकै दिन देखि लागू हुने गरी उक्त आयोजनाको म्याद अन्तिम पटकको लागि मिति २०८१ साल मंशिर पन्ध्रसम्म थप गर्ने। साथै प्राविधिक मूल्याङ्कन एवं कार्यसम्पन्न प्रतिवेदनको आधारमा चालू आ.व. को समपुरक कोष शिर्षकबाट आयोजनाको रकम भुक्तानी गर्ने।

१६. चालु आ.व. मा संघीय सशर्त र निशर्त अनुदान तर्फबाट स्रोत विनियोजन भई कार्यान्वयन हुने कालिपूल कृषि भवन निर्माण योजनामा थप रु. ५,२५,०००।- स्रोत सुनिश्चितता गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

१७. यस नगरपालिका अन्तरगतका विभिन्न वडाहरुमा रहेका मनसुनजन्य विपदपश्चात् र दशैंको अवसरमा मर्मत हुन नसकेका तपशीलका सडकहरुलाई प्राविधिकको लागत अनुमान बमोजिम वर्षे सडक मर्मत शिर्षकबाट भुक्तानी हुने गरी मर्मत कार्य अगाडी बढाउने।

क) खबरा सिम सारेमारे ढोडेनी सडक,

ख) मंगलाघाट तल्लो डम्बरा सडक,

ग) हस्पिटल चोक खरेनी जामुनाखर्क सडक,

१८. नगरपालिकाबाट आर्थिक सहायता तथा अन्य सामाग्री प्राप्त गर्ने लाभग्राहीको नामावली तयार गरी फेसबुक र वेभसाइट मार्फत सार्वजनिक गर्ने।

१९. यस नगरपलिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा उपलब्ध एम्बुलेन्सको संख्या न्यून रही सेवा प्रभावकारी नभएकोले दातृ निकाय वा नेपाल सरकारका निकायहरुमा थप एक थान एम्बुलेन्स माग गर्ने निर्णय गरियो।

२०. दक्षिण कोरियाका स्थानीय निकायसँग भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा पहल गर्ने गरी यस नगरपालिका अन्तरगत वडा नं. २, ४, ६, ९ र १० का वडाध्यक्षहरु क्रमशः याम कार्की, अण बहादुर खड्का, कृष्ण बहादुर बानियाँ, चक्र बहादुर के.सी र मसविर रोका लगायत यस नगरपालिकाका कर्मचारीहरुको दक्षिण कोरियाको निजी भ्रमण स्वीकृति प्रदान गर्ने।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३